रघुगंगा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मौवाफाँट, म्यागदी

गण्डकी प्रदेश, नेपाल


पत्र संख्याः- २०८०/०८१

मिति : २०८०/१०/२९

## करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

**(प्रथम पटक प्रकाशित मितिः-२०८०/१०/२९)**

यस रघुगंगा गाउँपालिका अन्तर्गत रोजगार सेवा केन्द्रमा तपशिल बमोजिमको कर्मचारी करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुको आवेदनको लागि यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र गाउँपालिकाको नाममा प्रभु बैंक लिमिटेड रघुगंगा शाखामा रहेको आन्तरिक राजश्व खाताको खाता नं. १६३०११००२३०००१२८ मा तोकिएको राजस्व तिरेको सक्कल रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**माग गरिएको पदः- प्राविधिक सहायक**

| क्र.सं | विज्ञापन नं. | पद/तह/श्रेणी | संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|
| १ | ००१-२०८०/०८१ | प्राविधिक सहायक | १ (एक) | रु ८००।- |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभवः-**

(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तिर्ण भएको।

(ख) दरखास्त दिने अन्तिम मितिमा कम्तीमा १८ बर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

(ग) कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको

(घ) पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने,आयोजनाको लक्ष्य र परिणाम हासित गर्न टोलीमा काम गरेको अनुभव पारस्परिक सम्बन्ध, सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएकोलाई गाह्रयता दिइनेछ ।

२. दरखास्त दिने स्थानः- रघुगंगा गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय,मौवाफाँट,म्यागदी ।

३. दरखास्त दिने अन्तिम मितिः- २०८०।११।१४

४. छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा

५. आवेदन साथ संलग्न कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

क) नागरिकता

ख) न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि

ग) चारित्रिक प्रमाणपत्रको प्रतिलिपि

घ) तालिमको प्रमाणपत्र, अनुभव भए सोको कागजातको प्रतिलिपि

ङ) २ प्रति पासपोर्ट साईजको फोटो

७) सेवा सुविधा तथा अन्यः-स्थानीय तहमा प्राविधिक सहायक पदपूर्ति सम्वन्धी मापदण्ड,२०८० को दफा १३ र १४ बमोजिम हुनेछ।

**नोटः-आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण, पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।**

थप जानकारीको लागि ९८५७६४८६१०/९८४७६४२४८६ मा सम्पर्क गर्न सकिने छ ।